आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङ्बेशी, रसुवा
बागमती प्रदेश,नेपाल

आमाछोदिङमो गाउँपालिका
गाउँ कार्यपालिका कार्यालय
गोल्जुङ्बेशी, रसुवा
बागमती प्रदेश,नेपाल

प.सं. ०८२/०८३
च.नं.

आमाछोदिङमो गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुबाट जेन-जी आन्दोलन माथी सरकारको अमानवीय व्यवहार विरुद्ध जारी गरिएको

प्रेस विज्ञप्ती

मितिः २०८२।०५।२३ गते काठमाण्डौ उपत्यका लगायत देशका विभिन्न स्थानमा जेन-जी पुस्ताको आन्दोलनमा सरकारबाट १९ जनाको ज्यान जाने गरी भएको अति क्रुर, अमानवीय रक्तपातको आमाछोदिङमो गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु घोर भत्सर्ना गर्दछौ। सरकारले मानव अधिकारको संरक्षक भई नागरिकको अभिभावक बन्नुपर्नेमा जेन-जी पुस्ताका युवाहरूले सरकार विरूद्द गरेको भ्रष्टाचार विरोधी आन्दोलनमा सरकारले गोली चलाएर १९ जना निर्दोष युवाहरूको हत्या गरेको र सयौं युवाहरुलाई घाइते बनाएको घटनाले हामी सम्पुर्ण कर्मचारीहरु दुःखि एवं मर्माहित बनेका छौ। मृतकहरुप्रति हार्दिक श्रद्दाञ्जली व्यक्त गर्दै घाइतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ ।

सरकारले जेन-जीको मागलाई बन्दुकको बलमा दबाउने र थप युवाहरूको हत्या गरी राज्य आतंक फैलाएमा हामी सम्पुर्ण कर्मचारीहरू संयुक्त रूपमा सरकार विरूद्द उभिन वाध्य भई परिवर्तनकारी आन्दोलनमा होमिने छौ भन्ने कुरा समेत सरकारलाई जानकारी गराउन चाहन्छौ । साथै जेन-जी पुस्ताले उठाएका आवाजहरूको वेवास्ता गर्दै थप दमन गर्ने तथा समयमै सम्बोधन नगरी वेवास्ता गर्ने कार्यले सरकारलाई थप क्षतिपुग्ने कुरामा समेत सचेत गराउन चाहन्छौ।

साथै देशैभरीका सम्पुर्ण कर्मचारीहरुलाई समेत आ-आफ्नो स्थानवाट सरकारलाई आवश्यक पहलका लागि र थप मानवीय क्षती रोक्नका लागि आवश्यक दवाव सिर्जना गर्न समेत हार्दिक अपिल गर्दछौ ।

Web:www.aamachhodingmo.gov.np Email:aamachhodingmo@gmail.com

Scanned with CamScanner
CamScanner